फोन : ०६१५०६४०३

# माादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की गण्डकी प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०४/२३)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम)को च. नं. PMEP/२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क. स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव:

(क) सिभिल इन्जिनियरिङ्गमा प्रविणता पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको,

(ख) अनुभव र सीप: प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सपि भएको,
- पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्ने सक्ने र विश्लेषण गर्ने सक्ने, योजनाको लक्ष्य हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर: कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान: मादी गाउँकार्यपालिकाको कार्यालय, थुमाकोडाँडा, कास्की

३. दरखास्त दिने अन्तिम मिति: २०७७/०५/०५ गते

४. आवेदन दस्तुर: रु ४००/- (रु. चार सय मात्र)

५. छनौटको किसिम: प्रारम्भिक योग्यता सूची प्रकाशन र लिखित परिक्षा

६. आवेदन साथ संलग्न कागजातहरु: आवेदक स्वयमले प्रमाणीत गरेको देहाय बमोजिमको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा: गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण: गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोट: परिक्षा मिति, समय र स्थान प्रारम्भिक योग्यताक्रमको सूची सँगै प्रकाशन गरिनेछ ।आवेदनको ढाँचा र प्राविधिक सहायकको पाठ्यक्रम र अन्य जानकारी WWW.madimunkaski.gov.np मा उपलब्ध छ ।

प्रमुख प्रशासकीय अधिकृत